# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








वर्ष : २५ | अंक : २६६ | बुधवार, २४ असार, २०८३ | Wednesday, 8 July 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# बेपत्ता एक जनाको शव पहिचान
# अन्यको अवस्था अझै अज्ञात

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ असार

कर्णाली नदीमा फोर्स गाडी खसेर भएको दुर्घटनाको ६ दिनपछि बेपत्ता यात्रुमध्ये एक जनाको शव पहिचान भएको छ। तर दुर्घटनाग्रस्त गाडीसहित अन्य तीन यात्रुको अवस्था अझै अज्ञात छ।

खोजी अभियान निरन्तर जारी रहे पनि कर्णाली नदीको उच्च बहाव, धमिलो पानी र सीमित प्राविधिक क्षमताका कारण उद्धार तथा खोजी कार्य अपेक्षित रूपमा अघि बढ्न सकेको छैन। जिल्ला प्रहरी कार्यालय दैलेखका अनुसार असार १८ गते बिहान करिब ११:३० बजे सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडा क्षेत्रबाट करिब चार सय मिटर तल कर्णाली नदीमा खसेको थियो।



दुर्घटनामा बेपत्ता भएका कालिकोटको पचालझरना गाउँपालिका-९ का मेखे (कामेखे) तिरुवाको शव सोमबार दुर्घटनास्थलदेखि करिब १५० किलोमिटर तल कैलालीको मोहान्याल गाउँपालिकाको सोल्टा क्षेत्रमा कर्णाली नदी किनारमा फेला परेको थियो। मंगलबार उनका २५ वर्षीय छोरा रविन्द्र तिरुवाले टिकापुर अस्पताल पुगेर शवको सनाखत गरेका हुन्।

यही दुर्घटनामा मेखेका भाइ जेखे तिरुवाको शव भने दुर्घटनाकै दिन फेला परेको थियो। तर सिर्जना खड्का, तुलाराम सुवेदी, सहचालक रामप्रसाद सुवेदी र दुर्घटनाग्रस्त गाडी अझै नदीभित्रै हराइरहेका छन्। दुर्घटनालगत्तै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोली परिचालन गरिएको थियो। खोजीका लागि हेलिकोप्टर, ड्रोन, गोताखोर, म्याग्नेट र सोनार क्यामेरासमेत प्रयोग गरिएको छ। झण्डै दुई सय सुरक्षाकर्मी परिचालन गरिए पनि नदीको तीव्र बहाव र अत्यधिक धमिलो पानीले खोजी अभियान कठिन बनेको सुरक्षा निकायको भनाइ छ।

प्राकृतिक चुनौतीसँगै नदीको गहिराइ र बाढीको बहावले डुबेको सवारी तथा यात्रुको अवस्थाबारे यकिन गर्न नसकिएको कर्णाली प्रदेश प्रहरी सुर्खेतले जनाएको छ। यो दुर्घटनामा बेपत्ता यात्रुको खोजीमा भएको ढिलाइ, उद्धारका लागि आवश्यक उपकरणको अभाव र राज्यको तयारीमाथि गम्भीर प्रश्न उठेपछि घटना प्रतिनिधिसभासम्म पुगेको छ।

सोमबार प्रतिनिधिसभा बैठकमा सांसद ज्ञानेन्द्र शाहीले सरकारले कर्णालीलाई बारम्बार उपेक्षा गरेको आरोप लगाउँदै उद्धारमा भएको ढिलाइबारे जवाफ मागे। आज म बोलेको होइन, कर्णालीको पीडा बोलेको हो भन्दै उनले दुर्घटनामा राज्यको कमजोर तयारीमाथि प्रश्न उठाए। त्यसपछि सभामुख डोलप्रसाद अर्यालले सरकारलाई बेपत्ता नागरिकको खोजी तीव्र बनाउन, उद्धारमा भएको ढिलाइबारे स्पष्ट जानकारी दिन तथा आवश्यक कदम चाल्न रुलिङ गरेका थिए। संसद् सञ्चालन भएयता सभामुखबाट सरकारलाई गरिएको यो पहिलो रुलिङ भएकाले पनि यसलाई विशेष अर्थपूर्ण रूपमा हेरिएको छ।

संसद उठेको अर्को गम्भीर विषय उद्धारमा भएको ढिलाइ थियो। सांसद शाहीका अनुसार सुरक्षाकर्मी घटनास्थल पुग्न करिब पाँच घण्टा लागेको थियो। पुगेपछि पनि नदीभित्र खोजी गर्न आवश्यक उपकरण थिएन। उनले दुर्घटनाको समयमा आकाशमा हेलिकोप्टर उडिरहेको भए पनि त्यो उद्धारका लागि नभई मन्त्रीको सवारीका लागि प्रयोग भएको आरोपसमेत लगाए। यो अभिव्यक्तिले संसदमा राज्यका स्रोतको प्राथमिकतामाथि समेत बहस सुरु गराएको छ।

## एउटै दुर्घटना, धेरै प्रश्न

सांसद बासना थापाले पनि सरकारले कर्णालीलाई चुनावका बेला मात्र सम्झने र विपद्का बेला बेवास्ता गर्ने प्रवृत्तिको आलोचना गरिन्। उद्धारमा भएको ढिलाइलाई उनले लापरवाहीको संज्ञा दिँदै दुर्गम क्षेत्रका नागरिकको जीवनप्रति राज्य समान रूपमा जिम्मेवार हुनुपर्ने धारणा राखिन्।

सांसद रमेश कुमार सापकोटाले भने कर्णाली राजमार्गमा आवश्यकता भन्दा बढी ट्राफिक चेकपोस्ट राखिँदा सवारी अनावश्यक रूपमा रोकिने र त्यसले दुर्घटनाको जोखिमसमेत बढाउने दाबी गरे।

कर्णालीमा पछिल्ला केही सातायता भएका सडक दुर्घटनाले दुर्गम क्षेत्रमा सडक सुरक्षा र उद्धार क्षमताको कमजोर अवस्था पुनः उजागर गरेको छ। असार महिनामै डोल्पा, रुकुम पश्चिम र हुम्लामा भएका छुट्टाछुट्टै जिप दुर्घटनामा एक जनाको मृत्यु हुनुका साथै दर्जनौँ घाइते भएका छन्।

भौगोलिक रूपमा जटिल प्रदेश भएकाले कर्णालीमा साँघुरा सडक, गहिरा भीर, तीव्र बहावका नदी र कमजोर सञ्चार पहुँच चुनौतीका रूपमा छन्। तर स्थानीयवासी र सरोकारवालाको तर्क छ, भूगोललाई मात्र दोष दिएर राज्यको जिम्मेवारी टार्न सकिँदैन।

कर्णाली प्रदेश प्रहरीका अनुसार नदीमा खस्ने सवारी दुर्घटनाका लागि आवश्यक सोनार प्रविधि, पानीमुनि खोजी गर्ने विशेष उपकरण, प्रशिक्षित गोताखोर तथा रणनीतिक स्थानमा पूर्वतयार उद्धार सामग्री अझै पर्याप्त छैन। आधुनिक उद्धार प्रणालीको अभावले हरेक वर्ष यस्ता दुर्घटनामा मानवीय क्षति बढिरहेको उनीहरूको निष्कर्ष छ।

मेखे तिरुवाको शव पहिचान भएसँगै एक परिवारले कम्तीमा आफन्तको अन्तिम अवस्था थाहा पाएको छ। तर अन्य बेपत्ता यात्रु र नदीभित्र हराएको गाडी अझै फेला परेका छैनन्। यसैबीच संसद्को रुलिङले सरकारमाथि खोजी अभियानलाई मात्र तीव्र बनाउने होइन, उद्धार प्रणालीको समीक्षा गर्ने, कमजोरीको जिम्मेवारी निर्धारण गर्ने र दुर्गम क्षेत्रका लागि प्रभावकारी विपद् उद्धार संरचना निर्माण गर्ने दबाबसमेत बढाएको छ।

# कर्णालीका ४६ स्थानीय तहमा मौसम मापन केन्द्र

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ असार

कर्णालीका ४६ स्थानीय तहमा मौसम मापन केन्द्र सञ्चालनमा आएका छन्। उनान्नअसी वटा स्थानीय तहमध्ये अब ३३ स्थानीय तहमा मौसम मापन केन्द्र स्थापना हुन बाँकी छ।

जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतका प्रमुख डा इन्दिरा कँडेलले भनिन्, "कर्णालीमा मौसम मापन केन्द्र ७१ वटा सञ्चालनमा छन्। जलमापन केन्द्र ३१ सञ्चालनमा छन्। दुई वटा हेर्नका लागि जनशक्ति नहुँदा काम हुन सकेको छैन।"

त्यस्तै, दैलेख र सुर्खेतको सिमानास्थित गुँरासेमा मौसम राडान केन्द्र लामो समयदेखि बन्द रहेका कँडेलले जानकारी दिइन्। उनका अनुसार चट्याङले क्षति पुऱ्याएपछि दुई वर्षदेखि ती केन्द्र प्रयोगमा आउन सकेका छैनन्।

कर्णाली, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशको मौसमसम्बन्धी जानकारी दिने उद्देश्यले यी राडार स्थापना गरिएको थियो। हाल ती राडारमा जडान गर्ने उपकरण विदेशबाट खरिद भए पनि जडान गर्ने जनशक्ति नेपालमा नभएकाले समस्या भएको भन्दै आगामी वर्ष जडान गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको डा कँडेलले जानकारी दिइन्।

मौसम मापन केन्द्रको अभावले स्थानीयस्तरको मौसमीय अवस्था यथार्थ रूपमा विश्लेषण गर्न कठिन हुने गरेको उनको भनाइ छ।

कर्णाली प्रदेश सरकारले मौसम पूर्वाधार विस्तारलाई प्राथमिकतामा राखेको जनाएको छ। प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादवले मौसम मापन केन्द्र नभएका स्थानीय तहमा आवश्यक उपकरण व्यवस्थापनका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए।

## मौद्रिक नीति :
# ब्याजदर र नीतिगत दरहरू यथावत्

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ असार

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षमा अधिकांश नीतिगत दर, बैंकदर र स्थायी निक्षेप सुविधालाई यथावत राखेको छ। राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत विद्यमान आर्थिक परिदृश्यलाई मध्यनजर गर्दै नीतिगत दर, बैंक दर र स्थायी निक्षेप सुविधा दरलाई यथावत् राखेको हो।



यसैगरी, अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्थालाई पनि निरन्तरता दिइएको छ। नीतिगत दरहरूलाई स्थिर राखेर बैंकले बजारमा 'न्यून-लागत अर्थतन्त्र' कायम गर्ने र निजी क्षेत्रको मनोबल उच्च राख्ने 'लचिलो' कार्यदिशा अवलम्बन गरेको छ।

कर्जा प्रवाह र नियामकीय सुधारमा नयाँ व्यवस्था

मौद्रिक नीतिले बैंकिङ क्षेत्रको नियामक ढाँचामा केही महत्त्वपूर्ण परिवर्तनहरू प्रस्ताव गरेको छ। कर्जा सुरक्षाका लागि व्यक्तिगत जमानीबाट सिर्जना हुने असीमित दायित्व हटाउने व्यवस्था गरिने भएको छ।

चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाबाट वञ्चित हुने अवस्थालाई कम गर्न नीतिगत सुधार गरिने मौद्रिक नीतिमा उल्लेख छ।

संस्थाको सबलताका आधारमा शेयर धितो कर्जाको सीमा निर्धारण गरिने र सार्वजनिक ठूला विद्युतीय सवारी साधनको कर्जा मूल्य अनुपातमा सहजीकरण गरिने र रुग्ण उद्योगमा रहेका निष्क्रिय कर्जाको व्यवस्थापन र दबाबमा रहेका कर्जाहरूको पुनरुत्थानका लागि विशेष नीतिगत व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ। राष्ट्र

बाँकी पृष्ठ २

# क्याम्पसमा भर्ना शुल्कको विरोध

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ असार

वीरेन्द्रनगरमा रहेको सुर्खेत बहुमुखी क्याम्पसमा एलएलबी प्रथम वर्षको भर्ना महँगो भएको भन्दै विद्यार्थीले विरोध जनाएका छन्।



प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले अत्यधिक भर्ना शुल्क पुनरावलोकन गरी न्यायोचित शुल्क कायम गरिदिन भन्दै क्याम्पस प्रशासनलाई 'अल्टिमेटम' दिएका हुन्। उनीहरूले भर्ना शुल्क तत्काल पुनरवलोकन गर्न तथा अन्य आङ्गिक क्याम्पससरह न्यायोचित तथा समान शुल्क कायम गर्न अनुरोध गरेका छन्।

साथै, शुल्क निर्धारणको आधार, मापदण्ड तथा निर्णय प्रक्रिया सार्वजनिक गर्नुपर्ने, यदि अस्वाभाविक रूपमा बढी शुल्क निर्धारण गरिएको पाइएमा सो सच्याई विद्यार्थीबाट लिइएको बढी रकम फिर्ता वा आगामी किस्तामा समायोजन गर्नुपर्ने माग विद्यार्थीले राखेका छन्।

'कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा पिछडिएको प्रदेश हो, उच्च शिक्षामा सबैको पहुँच न्याय र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुपर्ने र विद्यार्थीहरूको आर्थिक रूपमा समस्यामा परेका छन्,' विद्यार्थी केशव साउँदले भने, ' विशेषगरी न्यून आय भएका परिवारका विद्यार्थीहरूको शिक्षामा प्रतिकूल असर परेको छ।' उनका अनुसार सुर्खेत बहुमुखी क्याम्पसले एलएलबी प्रथम वर्षको भर्नाका लागि ३३ हजार निर्धारण गरेको छ। 'त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अन्य आङ्गिक क्याम्पसहरूमा सोही कार्यक्रमका लागि कम शुल्क लिएको सार्वजनिक सूचनाबाट देखिन्छ,' उनले भने।यो शुल्क विद्यार्थीहरूको आर्थिक अवस्थाको तुलनामा अत्यधिक भएको उनले बताए। 'यसका कारण धेरै विद्यार्थीहरू आर्थिक रूपमा समस्यामा परेका छन्, केही

बाँकी पृष्ठ २

सम्पादकीय

# परिणाम दिने गरी रणनीति कार्यान्वयन गर

कर्णालीका लेक, पाटन र खर्क प्राकृतिक सम्पदा मात्र होइनन्, ती प्रदेशको जलाधार, जैविक विविधता, पशुपालन, पर्यटन र स्थानीय समुदायको जीवनसँग प्रत्यक्ष जोडिएका आधार क्षेत्र हुन् । तर पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, अव्यवस्थित सडक निर्माण, चरन क्षेत्रको अतिक्रमण तथा प्राकृतिक स्रोतको अनियन्त्रित दोहनका कारण यी क्षेत्र निरन्तर संकटमा पर्दै आएका छन् । यस्तो अवस्थामा कर्णाली प्रदेश सरकारले लेकाली क्षेत्र संरक्षणका लागि दीर्घकालीन रणनीतिक योजना कार्यान्वयन गर्ने तयारी गर्नु सकारात्मक र समयसापेक्ष कदम हो । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले लेकाली क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ, भने रणनीतिक योजना अन्तिम चरणमा पुगेको जनाएको छ । लेक, पाटन र खर्कको संरक्षणसँगै जलाधार, जैविक विविधता, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा जलवायु अनुकूलनलाई योजनाको केन्द्रमा राखिनु स्वागतयोग्य छ । संरक्षणलाई स्थानीय समुदाय, वन उपभोक्ता समूह र सरोकारवालाको सहभागितासँग जोड्ने प्रयासले योजनालाई थप व्यवहारिक बनाउने अपेक्षा गर्न सकिन्छ ।

तर योजना बनाउनु मात्र पर्याप्त हुँदैन । विगतमा पनि यस्तै कार्यक्रम नीति तथा बजेटमा समावेश भए तापनि पर्याप्त बजेट, स्पष्ट कार्ययोजना, प्रभावकारी अनुगमन र कार्यान्वयनको अभावका कारण उल्लेखनीय उपलब्धि हासिल हुन सकेन । त्यसैले यसपटक पनि रणनीति कागजमै सीमित भयो भने संरक्षणका उद्देश्य पूरा हुने छैनन् । योजना सफल बनाउन जिम्मेवारी स्पष्ट गर्ने, नियमित अनुगमन गर्ने र स्थानीय तहसँग प्रभावकारी समन्वय कायम गर्ने कार्य अपरिहार्य छ । कर्णालीका हिमाली क्षेत्रमा हिउँ कम पर्नु, असमय वर्षा हुनु, पानीका मुहान सुक्दै जानु र कृषि उत्पादनमा गिरावट आउनु जलवायु परिवर्तनका गम्भीर संकेत हुन् । यसको असर केवल वातावरणमा सीमित छैन । यसले स्थानीय अर्थतन्त्र, खाद्य सुरक्षा र जनजीवनलाई समेत प्रभावित गरिरहेको छ । त्यसैले संरक्षण कार्यक्रमलाई जलवायु अनुकूलन, जलस्रोत संरक्षण, वैज्ञानिक चरन व्यवस्थापन, जडीबुटीको दिगो उपयोग तथा पर्यापर्यटन प्रवर्द्धनसँग जोड्नु आवश्यक छ ।

सरकारले हिउँ चितुवा, हाब्रे, कस्तुरी मृग, जंगली बिरालो र गिद्धजस्ता संकटापन्न वन्यजन्तुको संरक्षणलाई समेत प्राथमिकतामा राखेको छ । प्राकृतिक वासस्थानको संरक्षण बिना वन्यजन्तु संरक्षण सम्भव हुँदैन । त्यसैले लेकाली क्षेत्र संरक्षण र वन्यजन्तु संरक्षणलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ । कर्णालीको प्राकृतिक सम्पदा संरक्षण गर्नु भनेको भविष्यका पुस्ताका लागि जीवनको आधार सुरक्षित गर्नु हो । त्यसका लागि बजेट, रणनीति र प्रतिबद्धताभन्दा पनि प्रभावकारी कार्यान्वयन, पारदर्शिता र स्थानीय समुदायको सक्रिय सहभागिता निर्णायक हुन्छ । सरकारले यसपटक विगतका कमजोरी दोहोरिन नदिई परिणाममुखी ढंगले योजना कार्यान्वयन गर्न सके कर्णालीका लेक, पाटन र खर्कको दिगो संरक्षण मात्र होइन, वातावरणीय सन्तुलन, पर्यटन प्रवर्द्धन र स्थानीय समृद्धिको आधार समेत बलियो बन्नेछ ।

# सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै आजको आवश्यकता



✍ गोविन्द पन्थी

नेपाली जनताले राजनीतिक दलहरूलाई केवल सत्ता हस्तान्तरणका लागि मत दिएका होइनन् । जनताको अपेक्षा सधैँ स्पष्ट छ– देशमा सुशासन होस्, कानुन सबैमाथि समान रूपमा लागू होस्, राज्यका प्रत्येक निकाय पारदर्शी र जबाफदेही बनुन् तथा नागरिकको जीवनस्तरमा वास्तविक परिवर्तन आओस् ।

लोकतन्त्रको मूल मर्म नै यही हो कि जनताले आफ्नो भविष्य निर्माणका लागि प्रतिनिधि चयन गर्छन् । तर दुर्भाग्यवश, हाम्रो राजनीतिक अभ्यासले धेरै पटक जनअपेक्षाको सम्मान गर्न सकेन ।

लामो समयसम्म राजनीतिक दलहरूले आफ्ना समर्थकलाई चेतनशील नागरिकका रूपमा भन्दा पनि आफ्नो हरेक निर्णयमा बिना प्रश्न सहमति जनाउने 'रबर स्ट्याम्प' जस्तै व्यवहार गरे । जनताको प्रश्नलाई आलोचना, सुझावलाई विरोध र असहमतिको आवाजलाई अवज्ञाका रूपमा बुझ्ने प्रवृत्ति बढ्दै गयो ।

यसैकारण लोकतन्त्रको आत्मा कमजोर हुँदै गयो र जनविश्वास क्रमशः घट्दै गयो । नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा सुशासनलाई आकर्षक एजेन्डा विगतदेखि राख्दै आए तर ती कागजमा मात्र सीमित हुन पुगे ।

नेपाली कांग्रेसले नीतिगत निर्णयको नाममा हुने भ्रष्टाचारलाई कानुनी दायरामा ल्याउने र त्यससम्बन्धी आवश्यक कानुन संशोधन गर्ने एजेन्डा अघि सारेको थियो । साथै संवैधानिक परिषद्को संरचना, नियुक्ति प्रक्रिया र अधिकारको सीमालाई स्पष्ट गर्ने प्रतिबद्धता जनाएको थियो ।

नेकपा (एमाले) ले सुशासनलाई राज्य सञ्चालनको मुख्य आधार बनाउने, विधिसम्मत शासन, भ्रष्टाचारमुक्त प्रशासन र सेवाग्राहीमैत्री प्रणाली सुनिश्चित गर्ने वाचा गरेको थियो । हालको नेपाली कम्युनिस्ट पार्टीले भ्रष्टाचारसँग जोडिएका विषयमा सरकारका नीतिगत निर्णयको परीक्षण हुने व्यवस्था ल्याउने प्रतिबद्धता जनाएको थियो ।

यी दलहरूले आफ्ना घोषणापत्रमा राखेका कुरा र जनतासँग गरेका प्रतिबद्धता सरकारमा जाँदा भने पूरा गर्न सकेनन् । जनता प्रत्येक चुनावमा नयाँ आशा लिएर मतदान गर्न गए, तर परिणाम उस्तै पाए । घोषणापत्रमा लेखिएका वाचा र सरकारको व्यवहारबिच ठुलो खाडल देखिन थाल्यो । फलतः पुराना दलहरूप्रति जनविश्वास कमजोर बन्न पुग्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, संवैधानिक परिषद् ऐन र न्याय परिषद् ऐनमा संशोधन गरी ती निकायलाई स्वतन्त्र, सक्षम र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनतासँग सम्झौता गरेर सय बुँदाको बाचा सार्वजनिक गरेको थियो । यसैबाट मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयको स्पष्ट परिभाषा गर्ने कुरा पनि उठाएको थियो उसले ।

यसै पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको बलियो समर्थन प्राप्त गर्‍यो । यो समर्थनको आधार केवल नयाँ दलको आकर्षण मात्र थिएन । यसको पछाडि गहिरो असन्तोष र परिवर्तनको चाहना थियो । पार्टी सभापति रवि लामिछानेले सञ्चारकर्मीका रूपमा देशमा व्याप्त बेथिति, भ्रष्टाचार र विसङ्गतिका विरुद्ध उठाएका आवाजले जनतामा विश्वास निर्माण गरेकै हो ।

सरकार सञ्चालनका क्रममा भुटानी शरणार्थी काण्ड र भिजिट भिसामार्फत हुने मानव तस्करीजस्ता संवेदनशील प्रकरणमा उच्च तहसम्म अनुसन्धान अघि बढाउने साहसिक निर्णयले पनि जनविश्वास अझ मजबुत बनायो ।

त्यसैगरी काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाहले स्वतन्त्र उम्मेदवारका रूपमा विजय हासिल गरी परिणाममुखी कामको सन्देश दिएका थिए । तर प्रशासनिक सहयोग नपाएर पनि उनले कामलाई अघि बढाउने प्रयास गरे । राज्य संयन्त्रबाट भएको असहयोगले विशेषगरी युवा पुस्तामा आक्रोश पैदा गर्‍यो । यसले पुरानो राजनीतिक संस्कृतिप्रति थप वितृष्णा र नयाँ विकल्पप्रतिको आकर्षण बढायो ।

राजनीतिमा जब दुई ठुला दलहरू आफ्ना सिद्धान्त र प्रतिस्पर्धालाई छाडेर केवल सत्ता जोगाउने वा अनुसन्धानबाट बच्ने उद्देश्यले एउटै ठाउँमा उभिन्छन् भन्ने जनधारणा बन्छ, त्यसले लोकतन्त्रलाई कमजोर बनाउँछ । जनताले त्यस्तो गठजोडलाई आफ्नो प्रतिनिधिहरूको सामूहिक अभिव्यक्तिको प्रस्फुटनका रूपमा होइन, स्वार्थको गठबन्धनका रूपमा बुझ्न थाल्छ । यही अवस्थाले जनआक्रोशलाई बलियो बनायो ।

इतिहासले हामीलाई सिकाएको छ– ठुलो जनमत प्राप्त गर्नु सरकार टिकाउने अन्तिम आधार होइन । जनअपेक्षा पूरा गर्न नसक्दा दुई तिहाइको सरकार पनि ढल्न सक्छ । जनताले दिएको समर्थन विश्वासको मत हो, स्थायी लाइसेन्स होइन । त्यो विश्वास जोगाउन निरन्तर काम गर्नुपर्छ ।

आजको सन्दर्भमा नयाँ सरकारको अगाडि ठुलो अवसर छ । पुराना दलहरूले गरेका गल्तीबाट शिक्षा लिएर अघि बढ्ने अवसर छ । यदि सरकार सुशासनलाई नारा मात्र नभई व्यवहारमा उतार्न सफल हुन्छ भने यसले नेपालको राजनीतिक संस्कृतिमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ ।

सुशासनको अर्थ केवल भ्रष्टाचार नियन्त्रण मात्र होइन । यसले निर्णय प्रक्रियामा पारदर्शी, जनताको सहज पहुँच, छिटो सेवा प्रवाह, न्यायमा समान पहुँच र कानुनको निष्पक्ष कार्यान्वयनको माग गर्छ । यदि कानुन कमजोरमाथि मात्र लागू हुन्छ र शक्तिशाली उम्किन्छ भने त्यो राज्यमा सुशासन कायम छ भन्न मिल्दैन ।

नेपाल भूगोलका हिसाबले सानो भए पनि रणनीतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण देश हो । दुई ठुला शक्तिशाली छिमेकीबिच रहेको हाम्रो मुलुकले सन्तुलित कूटनीति अपनाउनुपर्छ । कुनै पनि असन्तुलनले दीर्घकालीन असर पार्न सक्छ । त्यसैले आन्तरिक सुशासनसँगै बाह्य सम्बन्धमा पनि परिपक्वता आवश्यक छ ।

आज जनताले नयाँ सरकारसँग ठुलो आशा राखेका छन् । यो सरकारसँग पुरानो अभ्यास दोहोर्‍याउने छुट छैन । जनताको जीवनस्तरमा परिवर्तन ल्याउन, युवालाई अवसर दिन, भ्रष्टाचार अन्त्य गर्न, प्रशासनलाई चुस्त बनाउन र राज्यप्रति भरोसा जगाउन सके मात्र यो सरकार सफल हुनेछ ।

पुराना दलहरूले ठुलो सङ्घर्ष, त्याग र बलिदानबाट लोकतन्त्र ल्याए । तर लोकतन्त्रलाई संस्थागत गर्न र जनताको अपेक्षा अनुसार परिणाम दिन नसक्दा उनीहरूले जनमत गुमाए । अब त्यो इतिहासबाट सिक्ने जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ ।

यदि आजको सरकार रोगको सही पहिचान गरेर उपचारतर्फ अघि बढ्छ, सुशासन र पारदर्शितालाई आफ्नो मूल आधार बनाउँछ, र जनताको विश्वासलाई सम्मान गर्छ भने नेपालमा नयाँ राजनीतिक संस्कृतिको सुरुवात हुनेछ । अन्यथा इतिहासले फेरि कठोर निर्णय गर्नेछ ।

त्यसैले आजको आवश्यकता सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै हो । यही समृद्ध नेपाल निर्माणको आधार पनि हो ।

(लेखक अधिवक्ता हुन् ।)

# सरकारी विज्ञापन निजी मिडियामा रोक्ने निर्णयविरुद्धको रिटमा असार ३० मा फैसला

कांक्रेविहार संवाददाता

काठमाडौँ, २३ असार

सरकारी सञ्चार माध्यमहरूमा मात्रै सरकारी विज्ञापन प्रदान गर्ने सरकारको निर्णय विरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले आउँदो असार ३० गते निर्णय सुनाउने भएको छ ।

सरकारको निर्णय गैरसंवैधानिक र गैरकानुनी भएको दाबी सहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले दायर रिटमा न्यायाधीशहरू सारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले असार ३० का लागि निर्णय सुनाउने मिति तोकेको हो ।



सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधान प्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको हो ।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो । रिटमा चौथो अङ्गले विरोध जनाएको र यसले असर पारेको समेत उल्लेख छ ।

## ब्याजदर...

बैंकले वित्तीय लागत घटाउन र सेवाको गुणस्तर बढाउन डिजिटलाइजेसनलाई जोड दिएको छ ।

व्यक्तिगत क्रेडिट स्कोरिङमा आधारित पियर टु पियर लेनदेन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने नीतिमा उल्लेख छ ।

तरलता व्यवस्थापनका लागि वाणिज्य बैंकहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गरिने र भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरलाई मौद्रिक नीतिको 'अङ्कुश' का रूपमा यथावत् राखिएको छ ।

यदि मुद्रास्फीतिमा थप दबाब परेमा वा आर्थिक स्थायित्वमा चुनौती देखिएमा मौद्रिक नीतिको कार्यदिशा पुनरावलोकन गरिने र ब्याजदर कोरिडोरलाई क्रमशः साँघुरो बनाइने राष्ट्र बैंकले उल्लेख गरेको छ ।

७ प्रतिशतको आर्थिक वृद्धि र ५.५ प्रतिशतको मुद्रास्फीत लक्ष्य

आगामी आर्थिक वर्षमा ५.५ प्रतिशतको सीमाभित्र मुद्रास्फीति कायम राख्ने लक्ष्य मौद्रिक नीतिले लिएको छ । हाल विश्व भू-राजनीतिक तनावका कारण आपूर्ति शृंखलामा अवरोध देखिए तापनि आगामी आर्थिक वर्षको चौथो त्रयमासदेखि मूल्य वृद्धिमा कमी आउने बैंकको प्रक्षेपण छ ।

यस्तै, कम्तीमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी वैदेशिक विनिमय सञ्चिति कायम गर्ने लक्ष्य पनि मौद्रिक नीतिले लिएको छ ।

## क्याम्पसमा...

विद्यार्थीहरूले भर्ना शुल्क जुटाउन ऋण लिनुपर्ने, आफन्तसँग सापटी माग्नुपर्ने तथा अन्य आर्थिक कठिनाइ भोग्नुपर्ने अवस्था सिर्जना भएको छ,' उनले थपे, 'यस्तो अवस्थाले आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीहरूको उच्च शिक्षामा पहुँचसमेत प्रभावित हुने जोखिम देखिएको छ ।'

उनका अनुसार भर्नाका क्रममा विभिन्न शीर्षकमा लिइने शुल्कहरूको आधार, आवश्यकता तथा कानुनी औचित्यबारे विद्यार्थीहरूलाई स्पष्ट जानकारी उपलब्ध गराइएको छैन । विद्यार्थीले ज्ञापनपत्र क्याम्पस प्रशासनलाई बुझाएको र मागलाई गम्भीरतापूर्वक नलिए सम्बन्धित निकायमा जाने उनले बताए ।

# बालविवाह रोक्न विद्यालयमा सचेतना कार्यक्रम



❐ कांक्रेविहार संवाददाता
हुम्ला, २३ असार

जिल्लामा बालविवाहका घटना बढ्दै गएको तथ्याङ्क सार्वजनिक भएपछि विद्यालयस्तरमा बालविवाह तथा छाउपडी प्रथाविरुद्ध सचेतनामूलक अभियान सञ्चालन गरिएको छ।

किशोरकिशोरीलाई लक्षित गर्दै सुरु गरिएको यस अभियानले बालविवाह न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

स्वास्थ्य सेवा कार्यालयका अनुसार स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने २० वर्षमुनिका महिलाको संख्या गत वर्षको तुलनामा दोब्बरले वृद्धि भएको छ। यही अवस्थालाई मध्यनजर गर्दै सामाजिक विकास कार्यालयले चालु आर्थिक वर्षको बजेटबाट आवश्यक स्रोत व्यवस्थापन गरी विभिन्न विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्न थालेको हो।

सामाजिक विकास कार्यालयका प्रमुख ईश्वरबहादुर सिंहले बालविवाहको समस्या समाधानका लागि किशोरकिशोरीलाई सही जानकारी दिन आवश्यक रहेको बताए।

उनका अनुसार बालविवाहका सामाजिक, शैक्षिक, स्वास्थ्य तथा कानुनी असरबारे विद्यार्थीलाई जानकारी गराउँदा उनीहरू आफैं सचेत भई समाजमा सकारात्मक सन्देश फैलाउन सक्षम हुनेछन्।

सिमकोट गाउँपालिकास्थित बालमन्दिर माध्यमिक विद्यालयमा सामाजिक विकास कार्यालयको सहकार्यमा कक्षा नौ का विद्यार्थीहरूलाई लक्षित गरी बालविवाह तथा छाउपडी प्रथासम्बन्धी विशेष सचेतना कार्यक्रम आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मराज बोहोराले जानकारी दिए।

कार्यक्रममा विद्यार्थीलाई बालविवाहका कारण हुने स्वास्थ्य जोखिम, शिक्षा छोड्नुपर्ने अवस्था, कानुनी व्यवस्था तथा सामाजिक असरबारे जानकारी दिइएको थियो।

विद्यालयका प्रधानाध्यापक कैलाश रोकायाले सरकारी निकायको पहलमा विद्यालयमै यस्तो कार्यक्रम सञ्चालन हुनु सकारात्मक सुरुआत भएको बताए। उनले बालविवाह रोकथामका लागि किशोरकिशोरीलाई केन्द्रमा राखेर सञ्चालन गरिने यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले पनि यस्ता गतिविधि उपयोगी भएको बताएका छन्। कक्षा नौकी छात्रा स्मृति रावतले पाठ्यपुस्तकभन्दा बाहिरका सामाजिक विषयमा व्यवहारिक ज्ञान प्राप्त गर्न पाउँदा आफूहरूलाई धेरै लाभ भएको बताए। उनका अनुसार यस्ता कार्यक्रमले बालविवाह र छाउपडी प्रथाप्रति समाजमा सकारात्मक सोच विकास गर्न सहयोग पुग्नेछ।

# कालिमाटीको ५३ करोड ४५ लाख बजेट पारित




❐ कांक्रेविहार संवाददाता
सल्यान, २३ असार

कालिमाटी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३ र ८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम तथा ५३ करोड ४५ लाख ३० हजार रुपैयाँ बराबरको बजेट गाउँसभाबाट सर्वसम्मत रूपमा पारित गरेको छ।

गाउँपालिकाको २० औँ गाउँसभामा गाउँपालिका अध्यक्ष तथा सभाध्यक्ष दानबहादुर खत्री केसीको अध्यक्षतामा सम्पन्न बैठकमा वडा नं पाँचका अध्यक्ष टोपबहादुर कार्कीले गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। भने उपाध्यक्ष सनशीलता ओली डिसीले आगामी आर्थिक वर्षको आय-व्यय विवरण नौ बजेट सभासमक्ष पेश गरेका थिए।

छलफलपछि नीति तथा कार्यक्रम र बजेट दुवै सर्वसम्मत रूपमा पारित गरिएको हो। पारित नीति तथा कार्यक्रममा 'एक घर-एक धारा', 'उज्यालो पालिका' तथा रोजगारी सिर्जनालाई प्रमुख प्राथमिकतामा राखिएको छ। यसका साथै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, सुशासन र आर्थिक विकासका कार्यक्रमलाई विशेष महत्व दिइएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले सबै बस्तीलाई सडक सञ्जालसँग जोड्ने, निर्माण भएका सडकको नियमित मर्मत तथा स्तरोन्नति गर्ने, दिगो तथा गुणस्तरीय पूर्वाधार निर्माणलाई तीव्रता दिने र नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा विद्युत् पहुँच नपुगेका क्षेत्रमा विस्तार गरी 'उज्यालो पालिका' अभियानलाई पूर्णता दिने लक्ष्य लिएको छ।

यस्तै, नीति तथा कार्यक्रममा वन तथा वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, कृषि तथा पशुपन्छी विकास, सहकारी प्रवर्द्धन, न्यायिक सेवा, सेवा प्रवाह सुधार, सार्वजनिक प्रशासन, राजस्व व्यवस्थापन, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्गको सशक्तीकरण, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, रोजगार तथा उद्यम विकास, व्यापार-व्यवसाय प्रवर्द्धन, उपभोक्ता हित संरक्षण, बजार व्यवस्थापन तथा साझेदारी विकासका कार्यक्रमलाई समेत समेटिएको छ।

आगामी आर्थिक वर्षका लागि गाउँपालिकाले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ ११ करोड २२ लाख रुपैयाँ, राजस्व बाँडफाँडतर्फ १४ करोड ७२ लाख ३९ हजार रुपैयाँ, समपूरक अनुदानतर्फ एक करोड ९३ लाख रुपैयाँ तथा सशर्त अनुदानतर्फ १८ करोड ७५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरेको छ।

त्यसैगरी कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान एक करोड ३३ लाख २८ हजार रुपैयाँ, राजस्व बाँडफाँड २१ लाख ११ हजार रुपैयाँ, सशर्त अनुदान दुई करोड तिन लाख ५५ हजार रुपैयाँ, समपूरक अनुदान एक करोड १८ लाख रुपैयाँ तथा विशेष अनुदान ५० लाख रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ।

यसका अतिरिक्त गाउँपालिकाले आन्तरिक राजस्वबाट ५७ लाख रुपैयाँ तथा बैंक मौज्दातबाट एक करोड रुपैयाँ स्रोत व्यवस्थापन हुने अनुमान गरेको छ। यी सबै स्रोतलाई आधार मानी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि कुल ५३ करोड ४५ लाख ३० हजार रुपैयाँ बराबरको आय-व्यय अनुमान सार्वजनिक गरेको हो।

गाउँपालिकाले आगामी वर्षका नीति तथा कार्यक्रम र बजेटमार्फत आधारभूत सेवा विस्तार, उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास तथा सुशासनलाई थप सुदृढ गर्दै समृद्ध कालिमाटी निर्माणको लक्ष्यलाई प्रभावकारी रूपमा अघि बढाउने विश्वास व्यक्त गरेको छ।

# मिनी टिलर मर्मत तालिम सम्पन्न, कृषकलाई कृषि यन्त्रको मर्मत सीप हस्तान्तरण




❐ कांक्रेविहार संवाददाता
सल्यान, २३ असार

शारदा नगरपालिका सल्यानको आयोजनामा सञ्चालन गरिएको मिनी टिलर (हाते ट्याक्टर) मर्मत सम्भार तालिम सम्पन्न भएको छ। असार २१ गतेदेखि सञ्चालन भएको तीनदिने तालिम सोमबार समापन गरिएको हो।

तालिमको समापन कार्यक्रम शारदा नगरपालिका-१ का वडाध्यक्ष प्रदीपकुमार पाण्डेको अध्यक्षता तथा नगरप्रमुख प्रकाश भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा उपप्रमुख सुस्मिता सापकोटा, नगर प्रवक्ता राजेशकुमार शर्मा, वडा नम्बर ३ का अध्यक्ष तुल्सा भण्डारी, कृषि विकास शाखा प्रमुख कबिराज ज्ञवाली तथा तालिममा सहभागी कृषकहरूको उपस्थिति रहेको थियो।

नगरपालिकाले कृषिमा यान्त्रीकीकरणलाई प्रभावकारी बनाउने तथा कृषकलाई कृषि यन्त्रको सामान्य मर्मत आफैं गर्न सक्षम बनाउने उद्देश्यले तालिम आयोजना गरेको जनाएको छ। तालिममा नगरपालिकाभित्रका ४५ जना कृषक सहभागी भएका थिए।

तालिमका क्रममा मिनी टिलरको सञ्चालन, नियमित मर्मत-सम्भार, सामान्य प्राविधिक समस्या पहिचान तथा समाधानका उपायबारे व्यावहारिक अभ्याससहित प्रशिक्षण दिइएको थियो।

समापन कार्यक्रममा बोल्दै नगरप्रमुख प्रकाश भण्डारीले आधुनिक कृषि प्रविधिको प्रभावकारी उपयोगसँगै कृषि यन्त्रको मर्मतसम्बन्धी ज्ञानले कृषकको उत्पादन लागत घटाउन र कृषि कार्यलाई थप सहज बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

उनले नगरपालिकाले आगामी दिनमा पनि कृषकको क्षमता अभिवृद्धिका लागि यस्ता सीपमूलक तालिमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

तालिममा सहभागी कृषकहरूले कृषि यन्त्र बिग्रिँदा सामान्य मर्मत आफैं गर्न सक्ने ज्ञान र सीप प्राप्त भएकाले तालिम अत्यन्त उपयोगी भएको प्रतिक्रिया दिएका छन्। उनीहरूले यस्ता व्यावहारिक तालिमले कृषि उत्पादन वृद्धि तथा कृषकको आत्मनिर्भरता बढाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन्।

# डोल्पाका बाढीपीडितलाई राहत वितरण

❐ कांक्रेविहार संवाददाता
डोल्पा, २३ असार

जिल्लाको जगदुल्ला गाउँपालिका पाँच गैरीगाउँमा आइतबार आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई राहत वितरणको काम तीव्र पारिएको छ।

जिल्ला विपद् कमाण्ड पोस्ट, जगदुल्ला गाउँपालिका, जगदुल्ला हाइड्रोपावर कम्पनी, नेपाल बैंक तथा विभिन्न संघसंस्थाले खाद्यान्न, लत्ताकपडा, त्रिपाल र नगद राहत उपलब्ध गराउँदै प्रभावित परिवारको उद्धार तथा पुनःस्थापनामा सहयोग गरिरहेका छन्।

जिल्ला विपद् कमाण्ड पोस्टको समन्वयमा संकलित राहत सामग्री प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले गाउँपालिका अध्यक्ष नारासिंह रोकायालाई हस्तान्तरण गरेका छन्।

गाउँपालिकाले सोमबारदेखि प्रभावित परिवारलाई राहत वितरण सुरु गर्ने जनाएको छ। हस्तान्तरण गरिएको राहतमा त्रिपाल, चिउरा, भुजा, चाउचाउ, बिस्कुट, कम्बल, बाल्टिन, जग, शाल, डेग्ची, लत्ताकपडा, जुत्ता, चप्पल तथा ४२ हजार पाँच सय १५ रुपैयाँ नगद समावेश छ।

राहत सामग्री उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी र जिल्ला आपत्कालीन सञ्चालन केन्द्रको सहयोगमा संकलन गरिएको हो। यसअघि गाउँपालिकाले आफ्नै स्रोतबाट चार लाख ६० हजार रुपैयाँ राहत वितरण गरिसकेको छ।

गाउँपालिका अध्यक्ष नारासिंह रोकायाका अनुसार पूर्ण रूपमा विस्थापित सात परिवारलाई प्रतिपरिवार ३० हजार रुपैयाँ र आंशिक क्षति भएका १९ परिवारलाई प्रतिपरिवार १० हजार रुपैयाँ प्रदान गरिएको छ।

बाढीमा ज्यान गुमाएकी आनन्दी विकको परिवारलाई थप ५० हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइएको छ। जगदुल्ला हाइड्रोपावर कम्पनीले पनि करिब एक लाख ७० हजार रुपैयाँ बराबरको खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री सहयोग गरेको छ। कम्पनीले चामल, खाने तेल र चाउचाउ प्रभावित परिवारलाई हस्तान्तरण गरेको जनाएको छ।

गाउँपालिकाका अनुसार बाढीबाट ३५ घरधुरी प्रभावित भएका छन् भने सात घरधुरी पूर्ण रूपमा विस्थापित भएका छन्।

हाल उनीहरूलाई आफन्तको घरमा अस्थायी रूपमा बसोबासको व्यवस्था मिलाइएको छ। जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार बाढीबाट करिब ७० लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

गाउँपालिका अध्यक्ष रोकायाले तत्काल राहतसँगै पुनःस्थापना, सुरक्षित आवास व्यवस्थापन र पुनर्निर्माणलाई प्राथमिकतामा राखिएको बताउँदै विपद्को समयमा सहयोग गर्ने सबै सरकारी निकाय, निजी क्षेत्र, बैंक तथा सामाजिक संघसंस्थाप्रति आभार व्यक्त गरे।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# एमयू सुधारमा उपकुलपति सुवालको प्रतिबद्धता



❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २३ असार

मध्यपश्चिम विश्वविद्यालय (एमयू) का नवनियुक्त उपकुलपति सह-प्राध्यापक डा. ई. राजन सुवालले विश्वविद्यालयलाई गुणस्तरीय, अनुसन्धानमुखी तथा उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले विश्वविद्यालयको शैक्षिक सुधार, अनुसन्धान विस्तार, संस्थागत सुदृढीकरण र प्रभावकारी व्यवस्थापनलाई आफ्नो कार्यकालको मुख्य प्राथमिकता बनाउने बताएका छन् ।

मंगलबार विश्वविद्यालयको केन्द्रीय कार्यालयस्थित बैठक हलमा आयोजित स्वागत तथा पदभार ग्रहण कार्यक्रममा बोल्दै उपकुलपति सुवालले कर्णाली क्षेत्र तथा मध्यपश्चिम विश्वविद्यालयमा यसअघि विभिन्न जिम्मेवारीमा रहेर प्राप्त गरेको अनुभवलाई विश्वविद्यालयको समग्र विकासमा प्रयोग गर्ने बताए ।

उनले विश्वविद्यालय केवल शैक्षिक गतिविधि सञ्चालन गर्ने संस्था मात्र नभई ज्ञान उत्पादन, अनुसन्धान विकास र समाज रूपान्तरणको केन्द्र बन्नुपर्ने धारणा राखे । त्यसका लागि शैक्षिक गुणस्तर वृद्धि, अनुसन्धानका अवसर विस्तार, नयाँ प्रविधिको प्रयोग र संस्थागत क्षमता विकासमा विशेष ध्यान दिइने उनले बताए ।

विश्वविद्यालयको विकासका लागि सकारात्मक सोच, सहकार्य र परिणाममुखी कार्यशैली आवश्यक छ उनले भने, "सबै पदाधिकारी, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा सरोकारवालाको सामूहिक प्रयासबाट मात्रै विश्वविद्यालयलाई थप उचाइमा पुऱ्याउन सकिन्छ ।

उपकुलपति सुवालले विश्वविद्यालयको समग्र हितका लागि सबै पक्षले आफ्नो जिम्मेवारी इमानदारी, कर्तव्यनिष्ठा र समर्पणका साथ पूरा गर्नुपर्नेमा जोड दिए ।

उनले प्रशासनिक सुधारसँगै शैक्षिक वातावरणलाई थप प्रभावकारी बनाउने, अनुसन्धानलाई प्राथमिकता दिने र विद्यार्थीमैत्री सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे । सोही अवसरमा निवर्तमान उपकुलपति प्रा. डा. नारायणप्रसाद पौडेलको सम्मान तथा बिदाइ कार्यक्रम पनि आयोजना गरिएको थियो ।

कार्यक्रममा बोल्दै पौडेलले विशेष परिस्थितिमा विश्वविद्यालयको नेतृत्व गर्ने जिम्मेवारी पाएको स्मरण गर्दै आफ्नो कार्यकालमा संस्थागत विकास, शैक्षिक गुणस्तर सुधार र विश्वविद्यालयको समग्र हितका लागि निरन्तर काम गरेको बताए ।

उनले विश्वविद्यालयको विकास एउटा निरन्तर प्रक्रिया भएको उल्लेख गर्दै आगामी दिनमा पनि विश्वविद्यालयको उन्नति र प्रगतिका लागि आफ्नो साथ, सहयोग र शुभेच्छा रहने बताए । साथै उनले नयाँ नेतृत्वले विश्वविद्यालयलाई थप गतिशील र प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा विश्वविद्यालयका रजिस्ट्रार सह-प्राध्यापक डा. अर्जुनबहादुर अयडीले स्वागत मन्तव्य व्यक्त गर्दै नवनियुक्त उपकुलपति डा. सुवाललाई सफल कार्यकालको शुभकामना दिए । उनले विश्वविद्यालयको विकासका लागि नयाँ नेतृत्वबाट सकारात्मक पहल हुने अपेक्षा व्यक्त गरे ।

स्वागत तथा पदभार ग्रहण कार्यक्रममा विश्वविद्यालयका पदाधिकारी, विभिन्न संकायका डिन, कार्यकारी निर्देशक, परीक्षा व्यवस्थापन कार्यालयका प्रमुख, विभागीय प्रमुख तथा संयोजक, प्राध्यापक, कर्मचारी, विद्यार्थी र अन्य सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममार्फत विश्वविद्यालयको आगामी यात्रामा शैक्षिक उत्कृष्टता, अनुसन्धान प्रवर्द्धन र संस्थागत सुधारलाई केन्द्रमा राखेर अघि बढ्ने नयाँ नेतृत्वको प्राथमिकता सार्वजनिक गरिएको छ ।

# वीरेन्द्रनगर साकोसले मनायो रजत जयन्ती

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २३ असार



वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो २५औँ स्थापना दिवस (रजत जयन्ती) विभिन्न कार्यक्रमका साथ भव्य रूपमा मनाएको छ । समारोहका अवसरमा संस्थाले '२५ वर्षे स्मृति सङ्गालो' नामक स्मारिकाको विमोचन गर्नुका साथै संस्थाको विकास यात्रालाई समेटिएको भिडियो डकुमेन्ट्री सार्वजनिक गरेको छ ।

संस्थाका अध्यक्ष बमबहादुर बि.सी. को अध्यक्षतामा आयोजित कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाह प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए ।

कार्यक्रममा सहकारी क्षेत्रका विभिन्न संघ, संस्था, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, जिल्ला सहकारी संघका प्रतिनिधि, विभिन्न सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारी तथा ठूलो संख्यामा शेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।

समारोहमा संस्थाको २५ वर्षको इतिहास, उपलब्धि, सेवा विस्तार तथा संस्थागत विकासलाई समेटिएको '२५ वर्षे स्मृति सङ्गालो' प्रमुख अतिथिबाट औपचारिक रूपमा विमोचन गरिएको थियो । साथै संस्थाको स्थापना कालदेखि हालसम्मको यात्रालाई चित्रण गर्ने भिडियो डकुमेन्ट्री पनि प्रदर्शन गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले वीरेन्द्रनगर साकोसले सुशासन, पारदर्शिता र सदस्यकेन्द्रित सेवामार्फत सुर्खेतकै उत्कृष्ट सहकारी संस्थाका रूपमा आफ्नो पहिचान स्थापित गर्न सफल भएको बताएका थिए ।

पछिल्लो समय केही सहकारी संस्थामा देखिएका समस्याका कारण सहकारीप्रति जनविश्वास कमजोर बनेको अवस्थामा वीरेन्द्रनगर साकोसले सञ्चालन गर्दै आएका प्रभावकारी वित्तीय तथा गैरवित्तीय सेवाले सहकारी अभियानप्रतिको विश्वास पुनःस्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको धारणा वक्ताहरूले व्यक्त गरे ।

प्रमुख अतिथि मन्त्री विनोदकुमार शाह ले सहकारी क्षेत्रप्रति आमनागरिककोविश्वासकायम राख्न संस्थाहरूले सुशासन, पारदर्शिता, उत्तरदायित्व र सदस्यमैत्री सेवामा विशेष जोड दिनुपर्ने बताए । उनले सदस्यको हकहित संरक्षण गर्दै सहकारी संस्थाहरूले वित्तीय अनुशासन र संस्थागत साखलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए ।

रजत जयन्तीको अवसरमा संस्थाको स्थापना, विकास तथा संस्थागत सुदृढीकरणमा योगदान पुऱ्याउने संस्थापक अध्यक्ष, पूर्व पदाधिकारी, पूर्व सञ्चालक, सल्लाहकार, कर्मचारी तथा एकीकरणमा सहभागी संस्थाका पूर्व अध्यक्षसहित २८ जना व्यक्तित्वलाई रजत सेवा पदक तथा कर्मचारी दीर्घ सेवा पदकद्वारा सम्मान गरिएको थियो । साथै विभिन्न विधामा छनोट भएका ४३० जना सदस्यलाई आगामी २५औँ वार्षिक साधारणसभामा सम्मान गरिने जानकारी पनि दिइयो ।

समापन समारोहमा अध्यक्ष बमबहादुर बि.सी. ले संस्थाले स्थापना कालदेखि नै सदस्यको हितलाई केन्द्रमा राखेर सेवा विस्तार गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा आधुनिक प्रविधि, सुशासन र पारदर्शितालाई थप सुदृढ बनाउँदै गुणस्तरीय सेवा प्रवाहमा संस्था अझ प्रतिबद्ध रहने विश्वास व्यक्त गरे ।

उनले संस्थाको २५ वर्षे सफल यात्रामा साथ र विश्वास दिने सम्पूर्ण शेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा सरोकारवालाप्रति आभारसमेत व्यक्त गरे ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/२४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खडानन्द लामिछाने** धनी रहेको, **दर्ता नम्बर** २३२८/०७१/०७२ बाट **छाप्रे गा.वि.स.-१, सुर्खेत** मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सुर्खेत कृषि तथा जडिबुटी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)